राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा

## १८औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२।०९।०९)**

**आदरणीय सेयरधनी महानुभावहरू,**

यस कम्पनीको मिति २०८२।०९।०८ गते अपराह्न ४:१५ बजे बसेको सञ्चालक समितिको १०८९औं बैठकको निर्णय अनुसार कम्पनीको १८औं वार्षिक साधारण सभा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १० को उपनियम (३) बमोजिम सम्पूर्ण सेयरधनी महानुभावहरूलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### साधारण सभाको कार्यक्रम :

**मिति : २०८२।०९।३० गते, (तदनुसार १४ जनवरी २०२६) बुधबार ।**

**समय : बिहान ११:०० बजे।**

**स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं।**

### छलफलका विषय :

१. **साधारण प्रस्ताव** :

क) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/८२ को नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने।

ग) लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था अनुसार श्री महालेखापरीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५(घ) को प्रावधान अनुरूप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०८२/८३ का लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने, निजहरूको पारिश्रमिक निर्धारण गर्ने तथा नियुक्तिका अन्य सर्तहरू निर्धारण गर्ने प्रस्ताव पारित गर्ने।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएपश्चात् आ.व. २०८१/८२ को कम्पनीको मुनाफा रकम मध्येबाट सेयरधनीहरूलाई प्रति सेयर रु. ३०।- (अक्षरुपी तीस रुपियाँ मात्र, नगद लाभांशमा लाग्ने कर समेत) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने।

२. **विविध** :

**सञ्चालक समितिको आज्ञाले,**
**द्वारिका प्रसाद पौडेल**
**कम्पनी सचिव**

### कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी :

१. कम्पनीको १८औं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२ साल पुस २० गतेदेखि मिति २०८२ साल पुस ३० गतेसम्म कम्पनीको सेयर दाखिल खारेजको काम बन्द गरिनेछ। साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२ साल पुस १९ गतेसम्म नियमानुसार कारोबार भई यस कम्पनीको सेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका सेयरधनी महानुभावहरूलाई यस साधारण सभाको प्रयोजनका लागि सेयरधनी कायम गरिनेछ।

२. वार्षिक साधारण सभामा भाग लिन उपस्थित हुने सेयरधनीहरूले आफ्नो BOID Statement वा सेयर प्रमाणपत्र वा परिचय खुल्ने प्रमाण (कागजात) अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध गरिन्छ।

३. वार्षिक साधारण सभामा भाग लिन सेयरधनी आफैं उपस्थित हुन नसक्ने भएमा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सकिनेछ। प्रतिनिधि नियुक्त गर्न चाहने सेयरधनीले सो सम्बन्धी निवेदन मिति २०८२/०९/२६ गते अपराह्न ४:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ। एकभन्दा बढी व्यक्तिलाई सेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ।

४. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिर पुस्तिका खुल्नुअघि सभास्थलमा आई लिखित सूचना दिनुपर्नेछ।

५. सभामा भाग लिन प्रत्येक सेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। सेयरधनी महानुभावको सुविधाका लागि सभा हुने दिन सेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेदेखि खुला रहनेछ।

६. सेयरधनी महानुभावहरूको ठेगानामा पठाइने कम्पनीको १८औं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको Website: **www.ntc.net.np** मा हेर्न सकिनेछ। कुनै कारणवश प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका सेयरधनी महानुभावहरूले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौंबाट परिचय खुल्ने कागजात पेश गरी लिन सक्नुहुनेछ।

७. नाबालक वा विक्षिप्त सेयरधनी महानुभावहरूको तर्फबाट कम्पनीको सेयरधनीहरूको लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएका व्यक्तिलाई मात्र संरक्षकको रूपमा मान्यता दिइनेछ।

८. विविध शीर्षक अन्तर्गत छलफल गर्न चाहने सेयरधनी महानुभावहरूले सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाडौंमा लिखित जानकारी दिनुपर्नेछ। लिखित जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन।

९. सेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रूपमा जवाफ दिइनेछ।

१०. सेयरधनी महानुभावहरू सभास्थलमा उपस्थित हुँदा झोला, पोका जस्ता वस्तुहरू नलीई आउनुहुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

११. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाडौंमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।